नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

# निर्णायक राष्ट्रिय शक्ति निर्माणको वार्षिक कार्ययोजना

पार्टी निर्माणका सन्दर्भमा जनताको बहुदलीय जनवाद (जबज)ले आफ्नै मौलिक दृष्टिकोण अघि सारेको छ । प्रतिष्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्दै शान्तिपूर्ण र वैधानिक बाटोबाट समाजवादमा पुग्न सकिने जबजको मान्यता रहेको छ । त्यसका लागि जबजले जनआधारित कार्यकर्ता पार्टी निर्माणलाई अपरिहार्य मानेको छ । पार्टी निर्माणमा जबजको दृष्टिकोण, पार्टी जीवनको लोकतान्त्रिकरणका अभ्यास र अनुभव समेतका आधारमा पार्टीको दशौं राष्ट्रिय महाधिवेशनले पार्टी निर्माण र परिचालनका सन्दर्भमा स्पष्ट दिशानिर्देश गरेको छ । पार्टीको दशौं राष्ट्रिय महाधिवेशनबाट निर्धारित मूल नारा 'दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौं' ले यतिबेलाको पार्टीको राजनीतिक कार्यदिशालाई ठोसरूपमा अभिव्यक्त गर्दछ ।

दशौं राष्ट्रिय महाधिवेशनयता पार्टी निर्माण र सुदृढीकरणको क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । पार्टी र नेतृत्वका विरूद्धको चौतर्फी घेराबन्दी र आक्रमणलाई छिचोलेर हाम्रो पार्टी जनताको रोजाइको पहिलो पार्टी बन्न सफल छ । तर स्थानीय निर्वाचन र आमनिर्वाचनमा हाम्रो पार्टीले अपेक्षा गरेअनुरूपको परिणाम हासिल गर्न सकेन । पार्टीको आन्तरिक जीवनका कतिपय समस्याका कारण, परिणाममा पहिलो बन्ने अवसरबाट पार्टी बञ्चित हुनुपर्‍यो । आगामी दिनमा त्यसप्रकारको स्थिति सिर्जना नहोस् भनेर पार्टी योजनावद्ध रूपमा अघि बढिरहेको छ । विगतमा पार्टीले सञ्चालन गरेको 'मिसन ग्रासरूट' (पार्टी सुदृढीकरण अभियान), 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने मान्यताअनुरूप जनस्तरमा पार्टीलाई स्थापित गर्नका लागि सम्पन्न गरिएको 'झुलाघाट-चिवाभञ्ज्याङः समृद्धिका लागि संकल्प यात्रा' को विशिष्ट अनुभव समेतका आधारमा पार्टी निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टी निर्माणको योजना केन्द्रित गर्न लागिरहेको छ, जसको उद्देश्य २०८४ सालमा सम्पन्न हुने आमनिर्वाचनमा नेकपा (एमाले) लाई बहुमत प्राप्त पहिलो र बलियो शक्तिका रूपमा स्थापित गर्नु हो । सोही उद्देश्यअनुरूप सचिवालयको ३४औं बैठकबाट केन्द्रीय सदस्यहरूको नयाँ कार्यविभाजन गरिएको छ । उक्त कार्यविभाजनलाई उद्देश्यकेन्द्रित गर्दै सफल बनाउनका लागि ठोस कार्ययोजना तर्जुमा गर्नु आवश्यक छ । सोहीअनुसार आगामी एक वर्षका लागि निम्नानुसारको वार्षिक कार्ययोजना तयार गरिएको छ ।

## १. पार्टी सदस्यता नवीकरण, विस्तार तथा अभिलेखीकरण

पार्टी विधानले वर्षको अन्तिम दुई महिना फागुन र चैतलाई सदस्यता नवीकरणको अवधि मानेको छ । उक्त समयमा आगामी वर्षका लागि सदस्यता नवीकरण गर्नुपर्ने हुन्छ । पार्टी प्रवेश



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

र नयाँ सदस्यता विस्तारको कामका लागि भने समय तोकिएको छैन । वर्षभरी नै प्रवेश र विस्तारको काम गरी अभिलेखीकरणको काम गर्नुपर्ने हुन्छ । तर विधानको सो व्यवस्थाको कार्यान्वयनमा समस्या रहँदै आएको छ । अधिवेशनका समयमा प्रतिनिधित्व बढाउनका लागि नवीकरण गर्ने र बिना कुनै मापदण्ड सदस्यता बृद्धि गर्ने काम भएको देखिन्छ । तर अन्य समयमा सदस्यता नवीकरणको काम खासै अघि बढ्न सकेको देखिदैन ।

दशौं महाधिवेशनपछि सदस्यता नवीकरण, विस्तार र अभिलेखीकरणको कामलाई योजनावद्ध रूपमा अघि बढाउने प्रयास जारी छ । गएको वर्ष भौतिक उपस्थितिमा सदस्यता नवीकरण गर्ने र पुरै शुल्क बुझाएर मात्र प्रमाणीकरण गर्ने योजना सफलतापूर्वक कार्यान्वयनमा लगिएको थियो । सोहीअनुरूप प्रदेश र अधिकांश जिल्लाका अधिवेशनहरू सम्पन्न भएका छन् । पालिका र वडाका अधिवेशनहरू एकतिहाई ठाउँमा सम्पन्न भएका छन् । बाँकी सबै अधिवेशनहरू २०८१ को सदस्यता प्रमाणीकरण गरी सम्पन्न गर्ने योजना अघि सारिएको छ । सदस्यता नवीकरण, विस्तार र अभिलेखीकरणका सन्दर्भमा निम्नअनुसार गर्नेः

- २०८१ को पार्टी सदस्यता नवीकरणको समयावधि समाप्त भएको छ । भाद्र मसान्तभित्र तोकिएअनुसारको ढाँचामा सदस्यता शुल्क, लेवी र विशेष सहयोग बुझाई नवीकृत र नयाँ सदस्यहरूको सूची केन्द्रीय संगठन विभागबाट प्रमाणीकरण गर्ने ।
- वर्ष २०८२ को सदस्यता नवीकरणको काम वैधानिक व्यवस्थाअनुरूप समयमै सम्पन्न गर्ने । त्यसका लागि सम्बन्धित सबै कमिटीले सदस्यता नवीकरण र विस्तारको कामलाई वार्षिक कार्ययोजनाको अंग बनाई लागू गर्ने ।
- वर्ष २०८२ को नवीकरण र विस्तारमा वडामा मतदाता संख्याको कम्तिमा ३ प्रतिशत, पालिका र जिल्लामा मतदाताको कम्तिमा ६ प्रतिशत पार्टी सदस्य पुऱ्याउने पूर्वनिर्धारित लक्ष्य पूरा गर्ने गरी योजना बनाएर कार्यान्वयन गर्ने । पार्टी सदस्यता विस्तार गर्दा आधारभूत वर्गबाट बढीभन्दा बढी पार्टी सदस्य निर्माण गर्ने विषयमा विशेष ध्यान दिने ।
- पार्टीको ११औं राष्ट्रिय महाधिवेशनसम्म प्रत्येक पालिका कमिटीले कूल सदस्यको संख्या ३३ प्रतिशत महिला सदस्य पुऱ्याउने गरी योजना बनाई कार्यान्वयन गर्ने ।
- सदस्यता विस्तार गर्दा मापदण्डको पालना गर्दै नयाँ सदस्यहरूको आवेदन लिने र त्यसमाथि प्रक्रियाबमोजिम आवश्यक निर्णय गर्ने काम निरन्तर जारी राख्ने । नयाँ सदस्यता प्रदान गर्नुअघि अनिवार्य आधारभूत तहको प्रशिक्षण तथा परीक्षा लिने प्रणाली व्यवस्थित गर्ने ।
- राजनीतिक ध्रुवीकरणको नीतिअनुरूप पार्टी प्रवेश गरेकाहरूको पार्टी सदस्यताको अभिलेखीकरणको काम प्रवेश गरेको तीन महिनाभित्र अनिवार्य रूपमा गर्ने । नयाँ र प्रवेशबाट थपिएका सदस्यहरूबाट एक वर्षका लागि तोकिएअनुसारको शुल्क सम्बन्धित कमिटीमा बुझाउने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- पार्टीको ११औं महाधिवेशनसम्म पार्टी सदस्यता १० लाख पुर्‍याउने लक्ष्य हासिल गर्न सम्बन्धित तहको पार्टी कमिटीको योजनामा विधानको व्यवस्थाअनुरूप जनसंगठनहरू र सम्पर्क मञ्चहरू क्रियाशील व्यक्तिहरूलाई समेत आधार बनाई नयाँ सदस्यता विस्तारको योजना कार्यान्वयन गर्ने ।
- पार्टी सदस्यता नवीकरण र नयाँ सदस्यहरूको विवरण माथिल्लो कमिटीमा बुझाउँदा शुल्क बुझाएको भौचर र कमिटीबाट प्रमाणित गरी नाम, ठेगाना र अन्य विवरण स्पष्ट खुल्ने गरी तोकिएअनुसारको ढाँचाको विवरणसमेत बुझाउने ।
- सदस्यता नवीकरण, विस्तार र अभिलेखीकरण गर्दा कमिकमजोरी नहोस् भन्ने कुरामा विशेष ध्यान दिने । सबै प्रक्रियालाई विधिसम्मत् र पारदर्शी बनाउने ।
- आगामी वर्षदेखि अभिलेखीकरणको काम संगठन विभागको निर्देशनअनुरूप अनलाईनमार्फत् गर्ने/गराउने । यस वर्षको हकमा संगठन विभागको योजनाअनुरूप जिल्ला कमिटीले विशेष टिम परिचालन गरी सम्पन्न गर्ने ।
- पार्टी प्रवेशबाट आएका र नयाँ सदस्यता प्राप्त गरेका सबै पार्टी सदस्यका लागि अनिवार्य रूपमा आधारभूत तहको प्रशिक्षणको व्यवस्था मिलाउने ।
- जिल्ला कमिटीले सदस्यहरूको मागका आधारमा तोकिएको ढाँचामा पार्टी सदस्यता कार्ड मुद्रण गरी वितरण गर्ने ।

## २. नियमित रूपमा अधिवेशन आयोजना र व्यवस्थापन

पार्टी विधानले सबै तहका कार्यकारी कमिटीका अधिवेशनको समयसीमा निर्धारण गरेको छ । विगतमा अधिवेशनको आयोजनामा उचित ध्यान नदिंदा लामो समयसम्म कमिटीका अधिवेशन भएनन् । असफल पार्टी एकता र षड्यन्त्रपूर्ण पार्टी विभाजनले समेत समयमै अधिवेशन आयोजना गर्ने विषयलाई प्रभावित गर्‍यो । पार्टीको प्रथम विधान महाधिवेशनबाट नेपालको संविधानको भावनाअनुरूप संगठन संरचनासहितको नयाँ विधान जारी भएपछि अधिवेशनका माध्यमबाट पार्टी जीवनलाई व्यवस्थित र सुदृढ गर्ने प्रक्रिया अघि बढेको छ । २०७८ मा एकैदिन वडा, एकैदिन पालिका र एकैदिनमा जिल्ला अधिवेशनको उद्घाटन गरी अधिवेशनबाट कमिटीलाई संस्थागत गरिएको थियो । गएको वर्ष भने सदस्यता नवीकरणको प्रक्रियादेखि नै अधिवेशनलाई अझ बढी विधिसम्मत र प्रभावकारी बनाउने प्रयास भयो । यति हुँदाहुँदै पनि कोशी प्रदेशमा ३ जिल्ला (ईलाम, मोरङ र तेह्रथुम), मधेस प्रदेशमा ३ जिल्ला ( धनुषा, सिरहा र सप्तरी), गण्डकी प्रदेशमा १ जिल्ला (मनाङ), कर्णाली प्रदेशमा १ जिल्ला ( डोल्पा) र सुदूरपश्चिम प्रदेशमा तीन जिल्ला (बझाङ, डोटी र अछाम) मा तोकिएको समयमा अधिवेशन सम्पन्न हुन सकेनन् । उपत्यका विशेषअन्तर्गत युवा-विद्यार्थी विशेष जिल्ला कमिटीको अधिवेशन पनि बाँकी छ । यी अधिवेशनहरू वर्ष २०८१ को सदस्यता नवीकरण प्रमाणित गरी आगामी कात्तिक महिनाभित्र आयोजना गर्न निर्देशन गरिएको छ । पालिका र वडा अधिवेशन



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

पनि नवीकृत सदस्यताका आधारमा मंसिर मसान्तभित्रै गरिसक्नु पर्नेछ । टोल भेलाबाट टोल कमिटी बनाउने काम पनि यसै अवधिमा अभियानका रूपमा अघि बढाउनु पर्नेछ ।

अधिवेशनबाट सम्बन्धित तहको कमिटीले विगतमा गरेका कामको समीक्षा गर्ने, तात्कालिक राजनीतिक शक्ति सन्तुलनको मूल्याङ्कन गर्ने, मिसन '८४लाई केन्द्रविन्दूमा राखी आगामी समयका लागि नीति र कार्यक्रम तयार गर्ने र सोको कार्यान्वयनका लागि योग्य र सक्षम नेतृत्व चयन गरिन्छ । अधिवेशनको आयोजना व्यवस्थित र प्रभावकारी हुन नसक्दा कामको, नीति तथा कार्यक्रमको निर्माणको र नेतृत्व चयनको काम सफल हुन सक्दैन । अधिवेशन उपलब्धिपूर्ण हुन नसक्दा त्यसको असर पार्टीको राजनीतिक तथा सङ्गठनात्मक काममा मात्र होइन भविष्यमा हुने निर्वाचनलगायत सिङ्गो पार्टीको जीवनमा पर्दछ । तसर्थ, सबै तहका कमिटीहरूका अधिवेशन आयोजना र व्यवस्थापनको काममा सम्बन्धित तहको पार्टी नेतृत्व जिम्मेवार र जवाफदेही हुनै पर्दछ । अधिवेशनलाई औपचारिकता पूरा गर्ने थलोमा सीमित नगरी उत्सवपूर्ण र परिणाममुखी बनाउन जोड दिनुपर्दछ । सबै तहका अधिवेशनको आयोजना र व्यवस्थापन निम्नानुसार गरिनुपर्दछः

- अधिवेशनको आयोजनापूर्व केन्द्रीय संगठन विभागबाट प्रमाणित गरिएका पार्टी सदस्यहरूको सम्बन्धित क्षेत्रका सदस्यहरूको सूची तयार गरी सार्वजनिक गर्ने । त्यसो गर्दा पार्टी परित्याग गरेका, मृत्यु भएका र कार्यक्षेत्र परिवर्तन गरेर सदस्यता स्थानान्तरण गरेकाहरूको नाम अभिलेखबाट हटाउने ।
- प्रतिनिधि छनोटको समय तालिका, प्रतिनिधि उमेद्वार दर्ता, छनोटको मापदण्ड र विधिसमेत स्पस्ट खुलाएर पार्टी सदस्यलाई परिपत्र गर्ने ।
- अधिवेशनको उद्घाटन हुनुपूर्व कम्तिमा ३ दिनअगावै प्रतिनिधिको प्रमाणीकरण गर्ने । कमिटीबाट हुने मनोनयन पनि सोही अवधिमा टुङ्ग्याउने ।
- नेतृत्वले सकेसम्म सर्वसम्मत नेतृत्व चयन गर्न सहजीकरण गर्ने, सम्भव नभए स्वस्थ र निष्पक्ष रूपमा निर्वाचन गराउने जिम्मेवारी निर्वाचन कमिटीलाई प्रदान गर्ने । सम्बन्धित भूगोलमा परिभाषित जिम्मेवारी नभएका या अधिवेशनमा आमन्त्रित गरिएका बाहेक अन्य नेताहरू उपस्थित भएर अधिवेशनलाई बोझिलो नबनाउने ।
- अध्यक्ष मण्डल र सम्बन्धित कार्यक्षेत्रको जिम्मेवारीमा रहेको नेतृत्वले अधिवेशनलाई स्वस्थ, निष्पक्ष र मर्यादित बनाउन सहजीकरण गर्ने ।
- प्रत्येक उमेद्वारले आफूलाई व्यक्तिगत रूपमा मतदातासमक्ष प्रस्तुत गर्ने । कसैले पनि प्यानल बनाएर प्रचार-प्रसार नगर्ने ।
- नेतृत्वले अधिवेशनबाट राजनीतिक, सांगठानिक र आर्थिक प्रतिवेदनका साथै आगामी कार्ययोजना तयार गर्न सहजकर्ताको भूमिका खेल्ने ।
- केन्द्रीय संगठन विभागले बनाएको नेतृत्व निर्माणको अवधारणा र सूत्रलाई आधार मानेर नेतृत्व निर्माण गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- विधानले तोकेको अवधिभित्र अधिवेशन सम्पन्न नभएका कमिटीहरू स्वतः संगठन कमिटीमा रूपान्तरण हुने व्यवस्था लागू गर्ने ।

### ३. पार्टी प्रवेश, पार्टी अधिवेशनबाट बाहिरिएका / बिदा भएकाहरूको व्यवस्थापन

नियमित रूपमा अधिवेशनको आयोजना भएसँगै पुराना कार्यकर्ताको एउटा पङ्क्ति जिम्मेवारीबाट बाहिरिन्छ । अधिवेशनमा नेतृत्व चयनका लागि प्रतिष्पर्धा भएको अवस्थामा क्रियाशील कार्यकर्ताको ठूलो पङ्क्ति जिम्मेवारीबाट बाहिरिन पुग्दछ । अन्य पार्टीमा लामो समय काम गरेर पार्टी प्रवेशको माध्यमबाट पार्टीमा आएका कार्यकर्ताहरूका लागि एक पटकका लागि पार्टीका तर्फबाट उसको योग्यता र क्षमता तथा पार्टी कामको आवश्यकताका आधारमा जिम्मेवारी तोक्ने नीति अवलम्बन गरिएको छ । तर अधिवेशनबाट बाहिरिएका/बिदा भएका र अन्य पार्टीबाट आएकाहरूको व्यवस्थापनका सन्दर्भमा देखिने गरेको उदासिनताले एकप्रकारको अन्यौल छ । निर्णायक राष्ट्रिय शक्ति निर्माणको सङ्कल्प पुरा गर्नका लागि राजनीतिक ध्रुवीकरणलाई अभियानका रूपमा अघि बढाउन प्रवेश गर्नेहरूको व्यवस्थापनमा जोड दिनुपर्दछ । अर्कोतिर लामो राजनीतिक अनुभव भएका र काम गर्ने क्षमतासमेत भएका अगुवा कार्यकर्ताहरूलाई जिम्मेवारीविहीन अवस्थामा राख्दा त्यसले पार्टी काम र अभियानमा समेत नकारात्मक असर पुऱ्याउने सम्भावना रहन्छ । प्रत्येक पार्टी सदस्यलाई कुनै न कुनै तहको पार्टी कमिटीमा संगठित हुन पाउने अधिकारलाई समेत ध्यानमा राखेर कार्यकर्ताको व्यवस्थापनको कामलाई प्राथमिकता दिनुपर्दछ । यसका लागि निम्नानुसार गर्नुपर्दछः

- जिम्मेवारी नपाएका अगुवा कार्यकर्ताको रोष्टर सम्बन्धित तहको कमिटीले तयार पार्ने र उनीहरूको योग्यता र क्षमताअनुसार सम्भव भएको भूमिकामा स्थापित गर्ने/गराउने ।
- अधिवेशनबाट बाहिरिएका र बिदा भएका पार्टी सदस्यहरूको व्यवस्थापनको जिम्मेवारी सम्बन्धित तहको पार्टी कमिटीले लिने ।
- अधिवेशनबाट निर्वाचित कूल संख्याको १० प्रतिशत मनोनित गर्ने अधिकार कमिटीलाई छ
- र प्रवेशको व्यवस्थापनअन्तर्गत थप १० प्रतिशत मनोनयन गर्ने अधिकार पनि कमिटीलाई प्राप्त छ । त्यसरी मनोनयन गर्दा मापदण्ड बनाई सोहीअनुसार गर्ने ।
- सचिवालयको ३४औं बैठकले निर्वाचन समन्वय कमिटीको कामलाई प्रभावकारी बनाउनका लागि पदेन संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी समन्वय कमिटीमा मनोनयन गर्ने व्यवस्था थप गरेको छ । यसबाट उल्लेख्य संख्यामा कार्यकर्ता व्यवस्थापन गर्न सकिने हुनाले यसमा राम्रो छलफल, तयारी र तदनुरूपको निर्णय गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- प्रदेश, जिल्ला र पालिका/ईलाकामा केन्द्रमा मात्र रहने भनी तोकिएका बाहेकका अन्य विभागहरू समेत थप गठन गर्न सकिने निर्णय पार्टीले गरेको छ । साथै, तल्ला कमिटीका सदस्यहरू माथिल्लो कमिटीको विभागमा रहेको भए बिदा गर्ने निर्णय समेत भएको छ । यसरी सिर्जित विभागीय पदहरूलाई समेत ध्यानमा राखी कार्यकर्ताको व्यवस्थापन गर्ने ।
- पार्टीले सञ्चालन गर्ने अभियानहरूमा कमिटीगत जिम्मेवारीमा नरहेका कार्यकर्ताहरूलाई समेत सम्बन्धित तहको कमिटीले निर्णय गरी आवधिक रूपमा खटाउन सक्छ । कामका नयाँ क्षेत्रहरू पहिचान गरी सम्बन्धित क्षेत्रको संयन्त्रको सदस्यका रूपमा जिम्मेवारी प्रदान गर्नसमेत सकिने हुनाले सोहीअनुरूप गर्ने ।
- अधिवेशन भएको र पार्टी प्रवेश गरेको समयका हिसावले ३ महिनाभित्रै व्यवस्थापनको योजना कार्यान्वयन गरिसक्ने ।

## ४. पार्टी कमिटी र कार्यकर्ताको कामको मूल्याङ्कन

हामीले पार्टी सदस्यहरू कमिटीको मातहत, तल्ला कमिटीहरू माथिल्लो कमिटीको मातहत, सबै तहका कमिटीहरू केन्द्रीय कमिटीको मातहत, केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत रहने संगठनात्मक विधि र पद्दतिलाई अवलम्बन गर्दै आएका छौं । राष्ट्रिय महाधिवेशनका माध्यमबाट पार्टी सदस्यहरूले नीति र नेतृत्व निर्माणमा निर्णायक भूमिका निर्वाह गर्दछन् भने सम्बन्धित तहका अधिवेशनहरूका माध्यमबाट पार्टी सदस्यले सम्बन्धित तहमा आफ्नो सार्वभौम अधिकारको प्रयोग गर्ने गर्दछन् । यसरी एउटा जीवन्त पार्टी महाधिवेशनले निर्धारण गरेको नीति, विधि र नेतृत्वको मार्गदर्शनमा परिचालित हुन्छ र हुँदै आएको छ । महाधिवेशनका निर्णयको मार्गदर्शनमा परिस्थितिको मूल्याङ्कन, योजना निर्माण, कार्यान्वयन र कमिटी तथा व्यक्तिको मूल्याङ्कन सम्बन्धित कमिटीले र समग्रतामा केन्द्रीय कमिटीले गर्दछ । मातहतका कमिटी र सदस्यहरू केन्द्रीय कमिटीको योजना र निर्देशनका आधारमा परिचालित हुन्छन् । तर हामीले संस्थागत गरेका विधि र पद्दतिको कार्यान्वयन प्रभावकारी ढंगले हुन नसक्दा पार्टी काममा अपेक्षा गरेअनुरूपको परिणाम आउनसकेको छैन ।

कमिटीको कामको मूल्याङ्कनका लागि महाधिवेशन र आवधिक मूल्याङ्कनका लागि महाधिवेशन/अधिवेशन प्रतिनिधि परिषदको बैठकबाट गर्ने र नेता र कार्यकर्ताको मूल्याङ्कन कमिटीले तोकेको जिम्मेवारीका आधारमा सम्बन्धित तहको कमिटीले गर्ने परिपाटीलाई स्थापित गर्न खोजिएको छ । विगतमा यी काम प्रभावकारी ढङ्गले सम्पादन हुनसकेका छैनन् । अबदेखि पार्टी कमिटी र कार्यकर्ताको मूल्याङ्कनको कामलाई निम्नानुसार अघि बढाउनु पर्दछः

- अधिवेशन/परिषद बैठकपूर्व सम्बन्धित कमिटीले विगतमा गरेको कामको सबल र दुर्बल पक्षसहितको समीक्षा प्रतिवेदन तयार गरी कमिटीमा छलफल गर्ने र



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

आवश्यक अंशलाई अधिवेशन र परिषदको बैठकमा प्रस्तुत गर्ने परिपाटी स्थापित गर्ने ।

- कमिटीका पदाधिकारी र सदस्य सबैका लागि पार्टी कामको सुस्पष्ट परिभाषित जिम्मेवारी तोक्ने । तोकिएको जिम्मेवारीअनुसार काम सम्पादन गर्नका लागि नेतृत्वले आवश्यक छलफल र सहजीकरण गर्ने । आवधिक रूपमा लिखित प्रतिवेदन प्राप्त गर्ने र त्यसमाथि छलफल गर्ने विधि स्थापित गर्ने ।
- कमिटीको कामको मूल्याङ्कन गर्दा वार्षिक कार्ययोजनाको कार्यान्वयन भए/नभएको कुरामा जोड दिने । त्यसैगरी पार्टीका विभागहरू, जनसंगठनहरू र जनप्रतिनिधिहरूको कामको पनि समीक्षा गर्ने । सदस्यता नवीकरण र विस्तार, पार्टी प्रवेश र व्यवस्थापन, अन्तरविरोधको पहिचान र समाधान तथा निर्वाचनलगायत हरेक क्षेत्रमा पार्टीको नेतृत्वकारी भूमिका स्थापित गर्ने कुरामा प्राप्त सफलता/असफलतालाई समेत कामको मूल्याङ्कनको आधार बनाउने ।
- कमिटीका पदाधिकारी र सदस्यहरूको मूल्याङ्कन गर्दा निम्न कुरामा विशेष ध्यान दिने:

    - कमिटीको बैठकमा सम्बन्धित व्यक्तिको उपस्थिति र भूमिका,
    - बैठकका निर्णय कार्यान्वयनप्रतिको प्रतिवद्धता र क्रियाशीलता,
    - पार्टीले सञ्चालन गरेका अभियान र कार्यक्रमहरूमा उपस्थिति र सक्रियता,
    - पार्टीको नीति र नेतृत्वप्रतिको बुझाइ र जवाफदेहीता,
    - तोकिएको जिम्मेवारीको कार्यसम्पादनको अवस्था,
    - जीवनशैली, आचरण र व्यवहार ।

## ५. विधिसम्मत रूपमा पार्टी कमिटीको परिचालन र अन्तरविरोधको व्यवस्थापन

मिसन ग्रासरूट (संगठन सुदृढीकरण अभियान)ले कमिटी परिचालनमा रहेको समस्या उल्लेख गरेको थियो । कतिपय कमिटीमा पूर्ण बैठकको आयोजना नहुने, बैठकको आयोजना हुँदा कोरमको समस्या हुने, बैठकलाई एजेण्डाआधारित बनाउने र भएका निर्णयहरूको समयमै बैठक-पुस्तिकामा उल्लेख गर्ने र प्रमाणीकरण गरी मातहत कमिटीमा निर्देशन जारी गर्नेजस्ता कामहरूमा पनि समस्या देखिएका थिए । निर्वाचनको समीक्षा रिपोर्ट र मिसन ग्रासरूटको रिपोर्टमा समेत स्थानीय तहमा उत्पन्न अन्तरविरोधका कारण निर्वाचनको परिणाममा र पार्टी काममा असर परेको कुरा उल्लेख गरिएका थिए ।

मिसन '८४ को तयारीमा पार्टीको ध्यान यी समस्याहरूको समाधानमा केन्द्रित हुनुपर्दछ । पार्टी कामलाई व्यवस्थित र परिणाममुखी बनाउनका लागि निम्नानुसार कार्य गर्नुपर्दछ:



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- प्रत्येक कमिटीले विधानको व्यवस्थाअनुरूप सचिवालय गठन गर्ने । पूर्ण बैठक नबसेको अवस्थामा निर्णय गर्नुपर्दा सचिवालयको बैठकबाट गर्ने ।
- सामान्यतया बैठक बस्नुपूर्व बैठकको प्रस्तावित एजेण्डा सदस्यहरूलाई उपलब्ध गराउने, बैठक बस्दा उपस्थितिको हस्ताक्षर, बहसनोट र माइन्युट लेखनजस्ता कामलाई व्यवस्थित गरी बैठकलाई विधिसम्मत बनाउने ।
- बैठकको निर्णय प्रस्ताव लिखित रूपमा तयार गरेर बैठकसमक्ष प्रस्तुत गरेर पारित गर्ने र त्यसलाई माइन्युटमा अभिलिखित गर्ने । माइन्युटलाई अध्यक्षका तर्फबाट अनिवार्यरूपमा प्रमाणित गराउने ।
- प्रदेश/जिल्ला र मातहत कमिटीका पदाधिकारी र कार्यालय सचिव रहेको कार्यालयले बैठकका लागि एजेण्डा र प्रस्ताव तयार गर्ने तथा कमिटीको बैठकबाट गरिएका निर्णयहरू कार्यान्वयन गर्ने । पार्टी कार्यालयबाट दैनिकरूपमा गर्नुपर्ने कार्य सम्पादन गर्ने ।
- बैठक बस्नुपूर्व सम्बन्धित कमिटीको इञ्चार्जले त्यहाँ परिभाषित जिम्मेवारीमा रहनुभएका केन्द्रीय सदस्य तथा परिभाषित जिम्मेवारीमा रहेका सो कमिटीभन्दा माथिल्लो कमिटीका इञ्चार्जहरूसँग बुझाइ र काममा एकरूपता तथा सहमति जुटाउन आवश्यक परामर्श गर्ने ।
- कमिटीभित्र र मातहतका कमिटीमा उत्पन्न भएका अन्तरविरोध पहिचान गरी त्यसको समाधान यथाशीघ्र गर्नुपर्दछ । अन्तरविरोध समाधानमा माथिल्लो कमिटीको सहयोग आवश्यक भए सोहीअनुसारको पहलकदमी अघि बढाउने ।
- बैठकमा लगातार तीनपटक बिना कुनै सूचना अनुपस्थित हुने सदस्यलाई बिदा गर्ने विधिलाई प्रभावकारी ढंगले लागू गर्ने ।

## ६. स्थायी पार्टी स्कुल सञ्चालन र अभियानका रूपमा पार्टी प्रशिक्षण

पार्टीको दशौं महाधिवेशनले पार्टी निर्माणमा दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकता चुनौतीको रूपमा रहेको विश्लेषण गरेको छ । पार्टीको राजनीतिक कार्यदिशा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि पार्टीका नेता र कार्यकर्ताहरू एकतावद्ध, अनुशासित, सक्षम र प्रतिबद्ध हुनुपर्दछ ।

नेकपा कालमा पार्टी प्रशिक्षण र संगठनात्मक काम निकै हदसम्म अवरूद्ध भयो । तीब्र अन्तरविरोधका कारण पार्टीका नियमित कामहरूमा गम्भीर रूपमा प्रभावित थिए । उक्त समयलाई पार्टीले संगठनात्मक शून्यताको समय भनेर विश्लेषण गरेको थियो । दशौं राष्ट्रिय महाधिवेशनयता पार्टीपङ्क्तिको वैचारिक राजनीतिक स्तर उठाउन र पार्टी कमिटीहरूलाई विधिसम्मत बनाउने कुरामा निकै धेरै कामहरू भएका छन् । तर पनि पार्टीमा स्कुलिङको कामलाई अझै योजनाअनुरूप नियमित गर्न सकिएको छैन । पार्टीपङ्क्तिलाई वैचारिक र संगठनात्मक समस्याबाट मुक्त पार्न र राजनीतिक कार्यदिशाअनुरूप परिचालित हुने अवस्थामा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

पुऱ्याउनका लागि वैचारिक राजनीतिक प्रशिक्षणको आवश्यकता पर्दछ । वैचारिक राजनीतिक प्रशिक्षणको कामलाई व्यवस्थित गर्नका लागि केन्द्रीय स्कुल विभागले पाठ्यक्रम, पाठ्यपुस्तक र प्रशिक्षकहरू तयार गर्ने काम गरिरहेको छ । वैचारिक राजनीतिक प्रशिक्षणको योजना तयार गरेको छ । प्रशिक्षणको कामलाई प्रभावकारी बनाउनका लागि प्रत्येक प्रदेशमा केन्द्रीय कमिटीका तर्फबाट एकजना संयोजनकर्ता खटाउने कामसमेत भएको छ । अबदेखि वैचारिक राजनैतिक प्रशिक्षणको कामलाई निम्नानुसार अघि बढाउनु पर्दछ :

- केन्द्रीय पार्टी स्कुलको योजना र व्यवस्थापनमा काठमाडौँमा स्थायी स्कुल सञ्चालन गर्ने । प्रदेश र जिल्ला कमिटीको आवश्यकता र नेतृत्व विकासको योजनाअनुरूप स्थायी स्कुलका माध्यमबाट वैचारिक र राजनीतिक रूपमा प्रशिक्षित दक्ष जनशक्ति तयार गर्ने ।
- प्रदेशतहमा माध्यमिक तहको पाठ्क्रममा आधारित स्थायी पार्टी स्कुल सञ्चालन गर्ने । वैचारिक र राजनीतिक रूपले प्रशिक्षित दक्ष कार्यकर्ता पङ्तिको विकास गर्ने कुरामा जोड दिने ।
- जिल्ला कमिटीले आधारभूत तहको प्रशिक्षक तयार गर्ने र जिल्लामा रहेका सबै पार्टी सदस्यहरूलाई अनिवार्य रूपमा प्रशिक्षित गर्ने योजनासहित जिल्ला पार्टी स्कुल सञ्चालन गर्ने । पालिका कमिटीको आयोजनामा प्रत्येक पार्टी सदस्यलाई वर्षमा एकपटक अनिवार्य रूपमा प्रशिक्षित गर्ने योजना बनाउने र कार्यान्वयन गर्ने ।
- अन्य पार्टीबाट नेकपा (एमाले) प्रवेश गरेकाहरूलाई पार्टी जिम्मेवारी प्रदान गर्नुपूर्व आधारभूत तहको प्रशिक्षण अनिवार्य गर्ने ।
- नयाँ पार्टी सदस्यलाई पार्टी सदस्यको शपथग्रहण समारोहपूर्व आधारभूत प्रशिक्षण प्रदान गर्ने योजना कार्यान्वयन गर्ने ।
- सम्बन्धित तहका कमिटीले आफ्नो कामको प्रभावकारिताका सन्दर्भमा बैठकको समयमा नै विशेष प्रशिक्षणको व्यवस्था गर्ने र काममा प्रभावकारिता ल्याउने ।
- नेतृत्व विकासका लागि सम्बन्धित तहको पार्टी स्कुलको मुल्याङ्कनलाई समेत आधार बनाउने ।
- निश्चित तहको पार्टी स्कुलबाट सम्बन्धित व्यक्ति दीक्षित भएको अभिलेख सङ्गठन विभागको अभिलेखसँग आबद्ध गर्ने । यसलाई पार्टीका आन्तरिक तथा अन्य निर्वाचनको मापदण्डका रूपमा स्थापित गर्ने ।

## ७. सरकार र जनप्रतिनिधिहरूको प्रभावकारी परिचालन

यतिबेला पार्टीको नेतृत्वमा केन्द्रमा नेकपा (एमाले) र नेपाली कांग्रेस बीचमा भएको ७ बुँदे सहमतिका आधारमा नयाँ सरकार गठन भई कार्यआरम्भ गरेको अवस्था छ । सातै प्रदेशमा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

केन्द्रको समीकरण अनुरूपका सरकार क्रियाशील रहेका छन् । स्थानीय तहमा समेत पार्टीको प्रभावकारी उपस्थिति रहेको छ । ७५३ मध्ये २०६ पालिकामा पार्टीको नेतृत्व छ । यस्तो अवस्थामा पार्टीका जनप्रतिनिधिहरूका साथै सरकारमा प्रतिनिधित्व गर्ने मन्त्रीहरूको कामलाई प्रभावकारी बनाउने कुरा पार्टी निर्माण र मिसन '८४ को सफलताका लागि अपरिहार्य छ । पार्टी अध्यक्षको नेतृत्वमा वर्तमान सरकार राष्ट्रिय राजनीतिका चुनौतीहरूलाई सामना गर्दै मुलुकलाई सुरक्षित लोकतान्त्रिक भविष्यतर्फ डोऱ्याउन अग्रसर छ । वर्तमान सरकारको प्रभावकारितासँग पार्टीको राजनीतिक भविष्य र जनताको भविष्य समेत गाँसिएको छ । साथै, पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूको भूमिकाले समेत मिसन '८४ लाई प्रभावित गर्ने भएका कारणले पनि जनप्रतिनिधिहरूको परिचालनमा विशेष ध्यान दिनु आवश्यक छ । यस सन्दर्भमा निम्नानुसार काम अघि बढाउने :

- नेकपा (एमाले) र नेपाली कांग्रेसका बीचमा भएको ७ बुँदे सहमति र सत्ता सहकार्यको राजनीतिक उद्देश्य र महत्वका बारेमा पार्टीपङ्क्ति र जनसमुदायलाई स्पष्ट बनाउने ।
- जनता र राष्ट्रको हितका पक्षमा सरकारका तर्फबाट भएका कामलाई जनस्तरमा लगेर स्थापित गर्ने ।
- विभिन्न विभागहरूबाट प्राप्त सुझावका आधारमा पार्टीले २०८१ साल साउन ४ गते सरकारलाई बुझाएको ध्यानाकर्षण तथा झुलाघाट-चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्राका क्रममा प्राप्त र तत्कालीन सरकारलाई बुझाइएका विषयहरूको कार्यान्वयनका लागि निरन्तर पहल गर्ने । सम्बन्धित विभागहरूले प्रस्तुत सुझावहरू कार्यान्वयन भए नभएको निरन्तर अनुगमन गरिरहने र पार्टीलाई आवश्यक सुझाव दिने ।
- जनप्रतिनिधि र पार्टी कमिटीमार्फत स्थानीय जनताको अपेक्षा र जनसमर्थन विस्तारको योजनाअनुरूप तयार गरिएका मुद्दाहरूलाई सूत्रबद्ध गरी राज्यका निकायमा प्रस्तुत गर्ने, यसमा सम्बन्धित विभागहरूले आवश्यक गृहकार्य र मुद्दा पहिचान गर्ने ।
- पार्टीको नेतृत्व रहेको (पालिका र वडासमेत) स्थानमा उनीहरूको भूमिकालाई प्रभावकारी र लोकप्रिय बनाउनका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने,
- जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको योजना बनाउने र कार्यान्वयन गर्ने,
- सङ्घीय संसद र प्रदेशसभामा सम्बोधन गर्नुपर्ने विषयहरू पहिचान गरी सांसदहरूलाई उपलब्ध गराउने, यसमा सम्बन्धित विभागहरूले अगुवाइ गर्ने ।
- पार्टी कमिटी र जनप्रतिनिधिहरूको बीचमा समय-समयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,

- केन्द्रमा संसदीय विभाग र संसदीय दलका माध्यमबाट जनप्रतिनिधिको भूमिकालाई प्रभावकारी बनाउने । प्रदेशमा प्रदेशसभा दललाई प्रभावकारी बनाउने र पालिका तहमा पालिका सभादल र संयन्त्रलाई प्रभावकारी ढंगले परिचालनको योजना बनाउने,
- पार्टी र जनप्रतिनिधिका बीचमा, जनप्रतिनिधि-जनप्रतिनिधिका बीचमा उत्पन्न भएका अन्तरविरोधको तत्काल समाधान गर्ने कुरामा ध्यान दिने,
- संयुक्त सरकारमा रहेका दलहरूका बीचमा जनसमर्थन अभिवृद्धि गर्न तथा सहकार्यको वातावरण तयार गर्न आवश्यकताअनुसार संयुक्त बैठक बस्ने ।
- जनप्रतिनिधिहरूको कामको मूल्याङ्कन रिपोर्ट तयार गरी केन्द्रीय निर्वाचन विभागमा पठाउने ।

## ८. पार्टी कार्यालयको व्यवस्थापन र सञ्चालन

हाम्रो पार्टी अन्य पार्टीहरूको तुलनामा पार्टी कार्यालयको सञ्चालन र व्यवस्थापनमा अगाडि देखिन्छ । तर राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदको बैठकले गरेको बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टीलाई सुदृढ गर्ने योजनाअनुरूप पार्टी कार्यालय आवश्यक तहसम्म विस्तार गर्न र सञ्चालनमा रहेका कार्यालयहरूलाई पार्टी कामको आवश्यकताअनुरूप व्यवस्थापन गर्न सकिएको छैन । अधिकांश पार्टी कार्यालयहरू अझै पनि आधुनिक सूचना प्रविधिका हिसाबले निकै कमजोर अवस्थामा रहेका छन् । पार्टी कार्यालय पार्टी कामको प्रभावकारिताका लागि अत्यन्त अपरिहार्य पक्ष हो । पार्टी कार्यालय, पार्टी र नेतृत्वलाई कार्यकर्ता र जनताले खोज्दा सहजरूपमा भेट्न सकिने ठाउँ बन्नुपर्दछ । पार्टी कार्यालय पार्टीका नियमित बैठक र कार्यसम्पादनको थलो समेत बन्नुपर्दछ । पार्टी कार्यालयलाई पार्टी काम र जनसम्पर्कको मुख्य थलोका रूपमा विकास गर्नका लागि निम्नानुसारको काम गर्नुपर्दछ ।

- प्रदेश र जिल्ला तहमा आफ्नो कार्यालय भवन छैन भने उपयुक्त ठाउँमा कार्यालय भवन बनाउने योजना अविलम्ब तयार गर्ने ।
- पालिका/ईलाका तहसम्मका लागि कार्यालय सञ्चालन र व्यवस्थापन अनिवार्य गर्ने । पालिकाका वडा कार्यालयहरू जनतासँग सरोकार राख्ने कामसँग प्रत्यक्ष रूपमा जोडिएका हुँदा वडा पार्टीको कार्यालयको व्यवस्था नभएसम्म वडातहको जनताको कामलाई पार्टीका तर्फबाट सहजीकरण हुनेगरी उपयुक्त ठाउँमा सम्पर्क विन्दु स्थापना गर्ने । भविष्यमा उपयुक्त ठाउँमा कार्यालय स्थापना गर्ने योजना क्रमशः अघि बढाउने ।
- प्रदेश र जिल्ला कार्यालयलाई प्रविधिमैत्री बनाउने । पार्टी कार्यालयमा कार्यालय सचिवका अतिरिक्त आईटीसम्बन्धी र लेखासम्बन्धी काम गर्नसक्ने व्यक्ति उपलब्ध



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

गर्ने/गराउने । पालिका कार्यालयलाई पनि क्रमशः सोहीअनुसार व्यवस्थित बनाउने योजना अघि बढाउने ।

- पार्टी कार्यालयमा पार्टी कार्यकर्ता र जनताका समस्या सम्बोधन गर्नसक्ने र सहजीकरण गर्नसक्ने जिम्मेवार व्यक्ति (प्रमुख पदाधिकारी) अनिवार्य रूपमा उपस्थित हुने व्यवस्था मिलाउने ।
- पार्टी कार्यालयको सरसफाई र साजसज्जामा समेत यथोचित ध्यान दिने । पार्टी कार्यालयलाई पार्टीले स्थापित गर्न चाहेको नयाँ सभ्यता र सँस्कृतिको प्रवर्तकका रूपमा अगाडी बढाउने ।
- हाम्रो पार्टी जनताको पार्टी भएकोले कार्यालयमा जनसरोकारका विषय र प्रशासनिक समन्वयका लागि जनताले सजिलै सम्पर्क, निवेदन र जानकारी प्राप्त गर्नसक्ने गरी सहजीकरणको व्यवस्था गर्ने ।
- पार्टी कार्यालयमा वाईफाई, ईन्टरनेटको व्यवस्था अनिवार्य रूपमा गर्ने ।
- माथिल्ला कमिटीका अन्तरपार्टी निर्देशन (अपानि), निर्देशन, परिपत्रहरू डिजिटल र भौतिक फाइल बनाई व्यवस्थित गर्ने ।
- आफ्ना कमिटीले गरेका निर्णय, निर्देशन र जिम्मेवारीको विवरण डिजिटल र भौतिक दुवै रूपमा व्यवस्थित गर्ने ।
- पार्टीको झण्डा, चुनाव चिन्ह अंकित झण्डा, पार्टी विधान, प्रतिवेदन, नियमावली, निर्देशिका, आयोगका प्रतिवेदन, विभिन्न सान्दर्भिक प्रकाशनहरू र पार्टीसम्बद्ध जनसंगठनका विधान, केन्द्रीय प्रकाशन र प्रतिवेदनहरू व्यवस्थित ढङ्गले संकलन गरी कार्यालयमा राख्ने ।
- अन्य पठनीय सामग्रीहरू सङ्कलन गरी प्रत्येक कार्यालयमा एउटा पुस्तकालयको व्यवस्था गर्ने ।
- माथिल्ला कमिटीबाट माग भएबमोजिमको जानकारी तत्काल दिनसक्ने गरी कार्यालयमा अभिलेखलाई सुव्यवस्थित बनाउने ।

## ९. व्यवस्थित प्रचार कार्य र प्रचार सञ्जालको विस्तार

राम्रो काम मात्र गरेर जनताको समर्थन र विश्वास स्वतः प्राप्त हुँदैन, त्यसका लागि गरेका राम्रा कामहरू जनताका बीचमा प्रभावकारी ढंगले सम्प्रेषण समेत गरिनुपर्दछ । सूचना प्रविधिको विकाससँगै त्यसमा आममानिसहरूको पहुँच पनि बृद्धि हुँदै गएको छ र सोहीअनुरूप त्यसको दुरूपयोग पनि भइरहेको छ । अर्कोतिर पार्टीविरोधी शक्तिहरूबाट नियोजित रूपमा पार्टी र नेतृत्वका विरूद्ध चरित्रहत्या गर्ने र प्रतिष्ठामा आघात पुऱ्याउने खालका अवाञ्छित र भ्रमपूर्ण विषयहरू समेत सामाजिक सञ्जालमा सम्प्रेषण भइरहेका छन् । त्यसले सर्वसाधारणमा

नकारात्मक प्रभाव विस्तार हुने अवस्था छ । पार्टी कामको योजनाअन्तर्गत पार्टी तथा पार्टी नेतृत्वको सरकारले गरेका कामहरूको प्रभावकारी प्रचार गर्ने र गलत तथा भ्रमपूर्ण कुराको प्रभावकारी रूपमा प्रतिवाद गर्नेगरी प्रचार कार्यलाई प्रभावकारी बनाउने विषयलाई महत्वका साथ समेट्नु पर्दछ । त्यसका लागि निम्नानुसार कार्य गर्नेः

- प्रत्येक कमिटीले आफूअन्तर्गतको कामको संयोजन गर्नसक्ने व्यक्तिहरू समावेश भएको प्रचार विभाग गठन गर्ने ।
- पार्टी कार्यालयमा प्रचार कार्यलाई नियमित र व्यवस्थित रूपमा अघि बढाउनका लागि आमसञ्चार क्षेत्रमा काम गर्ने हाम्रो पार्टीसम्वद्ध व्यक्तिहरू रहेको डिजिटल प्रचार डेस्क निर्माण गर्ने ।
- प्रचार डेस्कमार्फत आमप्रचारका अतिरिक्त सामाजिक सञ्जाललाई प्रभावकारी रूपमा परिचालन गर्ने योजना तयार गरी कार्यान्वयन गर्ने ।
- प्रत्येक पार्टी सदस्यहरूलाई पार्टीको मोबाईल एप्स अनिवार्य प्रयोग गर्न प्रेरित गर्ने, एप्समा रहेको 'च्याट वट' को उपयोग गरी पार्टीका पक्षमा सन्देश प्रवाह गर्ने व्यवस्था मिलाउने ।
- पार्टीविरूद्ध फैलाइएका भ्रम र अफवाहहरू अध्ययन गरी त्यसको एकतावद्ध रूपमा प्रतिरोध र प्रतिवाद गर्ने ।
- पार्टी र सरकारका काम र उपलब्धिहरूलाई प्रचार गर्न छोटा भिडियोहरू लगायत प्रभावकारी प्रचार सामग्री उत्पादन र प्रसारण गर्ने ।
- आफ्ना सदस्यहरूका बीचमा सूचना आदान-प्रदान गर्नका लागि प्रत्येक पार्टी कमिटीले प्रविधिआधारित सूचना सञ्जाल (नेटवर्क/ग्रुप) निर्माण र परिचालन गर्ने ।
- केन्द्रीय प्रचार तथा प्रकाशन विभागको योजनाअनुरूप भ्रमपूर्ण र गलत कुराको सामूहिक प्रतिवाद गर्ने र पक्षमा भएका कामको प्रचार सामग्रीहरूको प्रभावकारी संप्रेषण गर्ने व्यवस्था मिलाउने ।
- प्रचार कार्यलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित कमिटीहरूले आफ्नो स्तरको प्रचार कार्यशाला आयोजना गरी प्रचारको कामलाई व्यवस्थित गर्ने ।
- पार्टीको वैचारिक मुखपत्रका रूपमा 'नवयुग' को आवधिक प्रकाशन र पार्टीका सूचनाहरू व्यवस्थित रूपमा सम्प्रेषण गर्न डिजिटल न्युज लेटर नियमित प्रकाशन गर्ने ।

**१०. कामका नयाँ क्षेत्रहरूको खोजी र जिम्मेवारी नपाएका कार्यकर्ताको परिचालन**

यतिबेला पार्टी कामका रूपमा पार्टी विधानले निर्धारण गरेको कमिटी प्रणाली, विभागहरू, पार्टीसम्बद्ध जनसंगठन र पार्टीबाट निर्वाचित जनप्रतिनिधि र जनप्रतिनिधिमूलक निकायबीचको



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

कामलाई पार्टी कामका रूपमा बुझ्ने र तदनुरूप शक्ति परिचालन गर्ने काम हुँदै आएको छ । पार्टी कार्यकर्ताहरूको प्रत्यक्ष सहभागिता रहेका यी कामबाहेक पनि राजनीतिक प्रभाव विस्तार गर्ने कामका अनेकौं क्षेत्रहरू रहेका छन् । ती कामका क्षेत्रहरूमा जिम्मेवारी तोक्ने र ती क्षेत्रको कामलाई प्रभावकारी बनाउने सन्दर्भमा नियमित रूपमा ध्यान दिने काम हुनसकेको छैन । त्यस्ता कामका क्षेत्रहरूमध्ये केहीमा मात्र चुनावको समयमा सम्बन्धित कमिटीले उमेद्वार चयनका सिलसिलामा वा पार्टीसम्बद्ध कार्यकर्ताहरूले नेतृत्व गरेका संस्थामा विवाद उत्पन्न भएमा र उजुरी परेमा मात्र चासो राख्ने गरेको पाइन्छ । अबदेखि त्यसो नगरी त्यस्ता साझा कामका क्षेत्रमा समेत पार्टी नेतृत्व स्थापित गर्नेगरी योजनाबद्ध काम अघि बढाउनु पर्दछ । कामका नयाँ क्षेत्रको परिचान गर्न सकियो भने जिम्मेवारी नपाएर बसिरहनुभएका धेरै कमरेडहरूलाई परिभाषित रूपमा जिम्मेवारी समेत दिन सकिन्छ । त्यसका लागि निम्नानुसार गर्नेः

- सम्बन्धित कमिटीको कार्यक्षेत्रअन्तर्गतका कामका नयाँ क्षेत्रहरू पहिचान गर्न एउटा कार्यदल गठन गर्ने,
- पहिचान भएका कामका नयाँ क्षेत्रहरूमा पार्टी सदस्यहरूको सहभागिता रहेको भए उनीहरूलाई समेत सहभागी भएर कामको जिम्मेवारी पाउन नसकेका अगुवाहरूको नेतृत्वमा संयन्त्र बनाएर परिचालन गर्ने ।
- पार्टी सदस्यहरूको उपस्थिति नभएका नयाँ कामका क्षेत्रहरूमा पार्टीको सम्पर्क र प्रभाव विस्तारको योजना बनाई काम गर्नका लागि संयन्त्र गठन गरी जिम्मेवारी प्रदान गर्ने ।
- ती संस्थाबाट गरिने सामाजिक तथा अन्य कार्यहरूलाई प्रभावकारी ढंगले सम्पादन गर्नका लागि पार्टीको तर्फबाट अग्रसरता लिने ।
- जहाँ नेपाली त्यहाँ नेकपा (एमाले) भन्ने मान्यताअनुरूप सबै सकारात्मक संस्थाभित्र सकारात्मक भूमिका खेल्नेगरी आफ्नो प्रभाव विस्तारको काम अघि बढाउने ।

## ११. बजेट निर्माण र स्रोत परिचालन

पार्टी केन्द्रले लामो समयदेखि वार्षिक बजेट बनाउने र तदनुरूप स्रोत र खर्च परिचालन गर्ने नीति अवलम्बन गर्दै आएको छ । तर तल्ला कमिटीहरूमा आमरूपमा बजेट बनाउने र सोहीअनुसार स्रोत जुटाउने र खर्च गर्ने परिपाटी सुरू हुनसकेको छैन । कामको प्रकृतिअनुसार स्रोत जुटाउने, खर्च गर्ने र त्यसको हिसावकिताव राख्ने सामान्यतया हुने गरेको छ । तर कतिपय कमिटीहरूमा त्यत्ति काम पनि खासै भएको देखिँदैन । जिल्लाभन्दा तलका कमिटीहरूमा केही अपवादबाहेक हिसावकिताव राख्ने गरिएको पाइँदैन । पछिल्लो समय पार्टीले सदस्यता शुल्क र लेबीको १० प्रतिशत वडाले राख्न पाउने व्यवस्था गरेकोले अब वडा तहसम्म हिसावकिताव व्यवस्थित रूपमा राख्नुपर्दछ । बजेट निर्माण र स्रोत परिचालनका सन्दर्भमा निम्नानुसार गर्नेः



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- विगतमा भएको खर्चको हिसावकितावलाई आधार बनाएर शीर्षकअनुसार खर्चको अनुमान गर्ने र सोहीअनुसार स्रोत परिचालनको योजना बनाई वार्षिक बजेट तयार गर्ने । उक्त बजेट सम्बन्धित तहको कमिटी बैठकबाट पारित गरी कार्यान्वयन गर्ने ।
- स्रोत परिचालनको योजनाबिना खर्च गर्ने परिपाटीले केही कमिटीहरू ऋणमा डुबेको अवस्था छ । त्यो अवस्था आउन नदिनका लागि योजनावद्ध रूपमा स्रोत परिचालनको काम गर्ने ।
- कमिटीहरूले सम्भव भएसम्म नियमित आम्दानी हुने वैधानिक कामका क्षेत्रमा स्रोत परिचालन गर्ने । सदस्यता शुल्क र लेबी उठाउने कामलाई नियमित बनाउने ।
- पार्टी कमिटीको पूर्ण बैठकमा स्रोत परिचालन र खर्च व्यवस्थापनमा आधारित आर्थिक एजेण्डा तयार गरी छलफल गर्ने र तदनुरूप आर्थिक योजना बनाउने ।
- अधिवेशनका समयमा स्रोत परिचालनको भविष्यको योजनासहितको विगतको आम्दानी र खर्चको लेखापरीक्षण (अडिट) रिपोर्टसहितको आर्थिक प्रतिवेदन पेश गर्ने र पारित गर्ने ।
- कमिटीको बैठक, पार्टी कार्यालयको काम र पार्टीका अन्य महत्वपूर्ण कामलाई प्रभावकारी रूपमा सम्पादन गर्नका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- बजेट निर्माण, परिचालन र लेखा परीक्षणमा केन्द्रीय लेखा आयोगको निर्देशनलाई पालना गर्ने ।
- आफ्नो कार्यक्षेत्रमा रहेको पार्टीको स्थिर सम्पत्तिको मूल्यांकन र व्यवस्थित अभिलेखीकरण गर्ने र सोको जानकारी केन्द्रीय लेखा आयोगलाई गराउने ।

## १२. पार्टी जीवनको शुद्धीकरण

हामीलाई बुर्जुवा कार्यशैली वा जीवनशैली अपनाउने छुट छैन । हाम्रो कार्यशैली र जीवनशैली निःसन्देह सर्वहारा श्रमजीवी वर्ग पक्षधर हुनुपर्छ । हाम्रो आचरण, व्यवहार र जीवन जिउने काइदा मुलुकको संविधान, प्रचलित कानुन र सामाजिक नैतिकताको सीमाअनुकूल हुनुपर्छ । जनताले उचित नठान्ने काम कारबाहीबाट हामीहरू जोगिनुपर्छ । तर पार्टीभित्र प्रचलित कानुन, सामाजिक प्रबन्ध र नैतिकताका दृष्टिले अनुचित क्रियाकलाप देखापर्न थालेका छन् । आफूलाई अरूभन्दा विशेष ठान्ने र आफ्ना लागि विशेष व्यवस्थाको अपेक्षा गर्ने प्रवृत्ति देखापरेका छन् । प्रचलित कानुन प्रतिकूल, नैतिक दृष्टिले अनुचित र अपारदर्शी आर्थिक क्रियाकलापसमेत देखापर्न थालेका छन् । आर्थिक आचरण र यौन आचरणमा कानुनी र नैतिक बन्धन तोड्न खोज्ने विकृति हुर्किंदै छन् । यस्तो प्रवृत्तिले नेता, कार्यकर्ता र समग्र पार्टीलाई जनताबाट अलग गर्ने खतरा पैदा भएको छ । हामीले आर्थिक–सामाजिक क्रियाकलाप, यौन आचरण र नैतिक दृष्टिले गल्ती गर्नेहरूका सन्दर्भमा अनावश्यक उदारता या उदासिनता

देखाउँदा र यसलाई सम्बन्धित कमिटीमा छलफलको कार्यसूची र कारबाहीको विषय नबनाउँदा त्यस्तो प्रवृत्ति प्रोत्साहित हुन पुगेको छ । पार्टी जीवनको शुद्धीकरणका सन्दर्भमा निम्नानुसार गर्नेः

- आर्थिक पारदर्शिताका लागि वार्षिक बजेट प्रणालीलाई कडाईका साथ लागू गर्ने । सबै कमिटीहरूले आर्थिक कारोबार बैङ्किङ प्रणालीमार्फत् गर्ने ।
- आर्थिक बक्यौता रहेकाहरू कसैलाई पनि अधिवेशनहरूमा र जननिर्वाचित निकायहरूमा उमेद्वार बन्न नपाउने व्यवस्थालाई कडाइका साथ लागू गर्ने ।
- आर्थिक अनियमितता, भ्रष्टाचार, नैतिक आचरणका आरोपी स्वयंले आफूमाथि लागेको आरोपका सत्य-तथ्यका बारेमा पहिलो जानकारी पार्टीलाई गराउने प्रणाली विकास गर्ने । राजनीतिक रूपमा प्रतिशोध साँध्न लगाइने झुट्ठा आरोप र अफवाहको पार्टीले प्रतिवाद गर्ने । मुद्दाको प्रकृति हेरी मुद्दा चलाइएकाहरूले कानुनबमोजिमको छानवीनमा राज्यका निकायहरूलाई सहयोग गर्ने । फैसला नभएसम्म बहाल रहेको पदबाट निलम्बन गर्ने, दोषी ठहरिएमा मात्र पदमुक्त गर्ने ।
- पार्टी तथा जनसंगठनका विभिन्न तहका नेता तथा कार्यकर्ता, जनप्रतिनिधिहरू र पार्टीको तर्फबाट राजकीय तथा सार्वजनिक ओहोदामा रहेका व्यक्तिहरूका विषयमा उठेका आर्थिक, नैतिक र चारित्रिक प्रश्नहरूमा प्रश्नको प्रकृति हेरी पार्टीको तर्फबाट तत्काल अध्ययन गरी सो सम्बन्धी धारणा सार्वजनिक गर्ने ।
- पार्टी जीवनको सुद्धीकरणका सम्बन्धी पार्टी निर्णय र जारी आचारसंहिताको कडाइका साथ पालना गर्ने/गराउने ।

## १३. आर्थिक-सामाजिक रूपान्तरण र जनचासोका विषय सम्बोधन

सातदशक लामो संघर्षको परिणामस्वरूप राजनीतिक व्यवस्था फेरियो तर जनताको आर्थिक-सामाजिक अवस्थामा तुलनात्मक सुधार भए पनि अपेक्षाअनुरूप गुणात्मक रूपमा फेरिन सकेको छैन । क्रान्तिको राजनीतिक कार्यभार पुरा भयो तर आर्थिक-सामाजिक कार्यभार पुरा हुनसकेको छैन । हामीले चाहेको क्रान्ति सकिएको छैन र हामीलाई यथास्थितिमा रमाउने छुट पनि छैन । हिजो हामीले क्रान्तिको राजनीतिक कार्यभार पुरा गर्ने आन्दोलनको नेतृत्व गर्‍यौं । अब हामीले आर्थिक-सामाजिक रूपान्तरणको जिम्मेवारी पुरा गर्नुछ । त्यसैले, हिजोभन्दा आज पार्टी निर्माणको कार्यसूची बदलिएको छ । हिजो व्यवस्था परिवर्तनका निम्ति अनुकूल, व्यवस्थाविरोधी आन्दोलनमा नेतृत्वदायी र निर्णायक भूमिका निर्वाह गर्नसक्ने पार्टी चाहिन्थ्यो । आज जनता र राष्ट्रको हित तथा कल्याणको पक्षमा खरो ढङ्गले उत्रिने पार्टी चाहिएको छ । विकास निर्माण, सुशासन र समृद्धिको अगुवाइ गर्नसक्ने तथा प्रभावकारी ढंगले राज्य हाँक्नसक्ने पार्टी चाहिएको छ । जनसरोकारका काममा केन्द्रित हुने, सबै प्रकारका विभेद र असमानताको अन्त्य र सामाजिक न्याय एवम् समानताको पक्षमा निर्णायक योगदान गर्ने पार्टी चाहिएको छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

हिजो सत्ताबाहिर हुँदा पार्टीमा जनमुखी शैली, स्वच्छता र पार्टीभित्रको सुशासन कायम गर्न सहज थियो । आज हामी कुनै न कुनै रूपमा सत्ताको नेतृत्व गरेर वा सत्तामा जोडिएर अगाडि बढिरहेको हुनाले पार्टीलाई निरन्तर स्वच्छ, जनमुखी र रूपान्तरणकारी बनाइराख्ने नयाँ चुनौती थपिएका छन् ।

यी चुनौतीहरूलाई परास्त गर्दै पार्टीलाई भौतिक र मानवीय विकासको नायकको भूमिकामा स्थापित गर्नुछ । जनसङ्गठन तथा पेशागत सङ्गठनहरूलाई आ-आफ्नो वर्ग वा समुदायका समस्या बुझ्ने र समाधान दिने वास्तविक नेताको भूमिकामा स्थापित गर्नुछ । जनताले आफ्ना वर्गीय वा सामुदायिक समस्या समाधानका लागि हाम्रो पार्टीलाई र पार्टी तथा जनसङ्गठनका नेता, कार्यकर्ता तथा सदस्यलाई खोज्ने अवस्था सिर्जना गर्नुछ । अनिमात्र हामीले आजको प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्न सक्छौं, मिसन '८४ पूरा गर्न सक्छौं, नेकपा (एमाले)को एकल बहुमतको सरकार निर्माण गर्न सक्छौं र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने दिशामा दृढ पाइला चाल्न सक्छौं । तर आज हामी जनताको हित र सरोकारको माग र मुद्दासँग राम्रोसँग जोडिन सकेका छैनौं । वर्गीय वा सामुदायिक माग र मुद्दामा जनपरिचालन वा दवाव आन्दोलन आयोजना गर्न सकेका छैनौं । जनवर्गीय तथा पेशागत सङ्गठनहरू आफ्नो वर्गीय वा पेशागत हितको आन्दोलनमा प्रभावकारी बन्नसकेका छैनन् । जनता र जनप्रतिनिधिबीचको आपसी सम्बन्ध आवश्यक मात्रामा जीवन्त र घनिष्ट हुनसकेको छैन । त्यसैले, आर्थिक-सामाजिक रूपान्तरण र जनचासोको विषयमा निम्नानुसार गर्नेः

- जनप्रतिनिधिलाई विकास निर्माण र जनकार्यमा केन्द्रित गर्ने र प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यहरूलाई कानुन र नीति निर्माणमा भूमिका खेल्नसक्ने गरी दक्ष बनाउने । यसका लागि विशेष बैठक, प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- पार्टी र तीनै तहका जनप्रतिनिधिबीचको कामलाई नियमित रूपमा संयोजन गर्ने ।
- संसदीय समितिलाई प्रभावकारी बनाउन विषयगत सुझाव दिनसक्ने विषय विज्ञहरूको सूचि 'रोष्टर' तयार गरी हाम्रा सांसद/विधायकहरूलाई विषयवस्तुमा स्पष्ट र जानकार बनाई प्रभावकारी प्रस्तुति गर्नसक्ने बनाउने । यसमा सम्बद्ध विभागहरूले पहलकदमी लिने ।
- संविधानको व्यवस्था, प्रदेश र स्थानीय तहको अवस्था हेरी सङ्घ-प्रदेश र स्थानीय तहको विकास निर्माण तथा सरकार/सभा सञ्चालनका लागि आवश्यक पर्ने कानुन निर्माणका लागि आवधिक लक्ष्य तोकी जनप्रतिनिधिहरूलाई समन्वयात्मक ढङ्गले परिचालन गर्ने ।
- जनसरोकारका मुद्दाहरूमा र प्राकृतिक विपत्ति, महामारी, सामाजिक उत्पीडन या अन्य समस्याले जनतालाई आक्रान्त तुल्याएको बेला हाम्रो पार्टीपङ्क्ति त्यस्ता



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

विषयहरूको सम्बोधन गर्न आवश्यक पैरवी, जनदबाब र सङ्घर्षका लागि हमेशा तैनाथी अवस्थामा रहने । जनताको पीडामा मल्हम लगाउन, जनताको सेवा गर्न र अन्यायको प्रतिवाद गर्न कसैको आदेश कुरिरहनु नपर्ने मान्यता स्थापित गर्ने ।

- जनसंगठनहरूलाई जनजीविका र जनसरोकारका मुद्दाहरूमा केन्द्रित रहने गरी प्रभावकारी ढंगले परिचालन गर्ने ।
- भ्रष्टाचारको विरोध र सुशासन कायम गर्ने विषयलाई पार्टीले उच्च प्राथमिकतामा राखेर आवश्यक निर्णय लिने ।
- समाजवादको आधार निर्माण र समृद्धिको अद्यावधिक खाका तयार गर्न पार्टीको आयोजनामा नीति सम्मेलन/ योजना कार्यशाला आयोजना गर्ने । यसमा पार्टीका केन्द्रीय विभागहरू सक्रिय हुने र यसको संयोजन नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानले गर्ने ।
- दलित मुक्तिसँग जोडेर जातीय छुवाछूत विरूद्धको राष्ट्रव्यापी अभियान सञ्चालन गर्ने ।
- समाजमा उत्पीडनमा परेका, विभेदको शिकार भएका, अन्यायमा परेका व्यक्तिहरू पहिचान गरी न्याय दिलाउने काममा अगुवाई गर्ने,
- लैंगिक हिंसा, जातिय विभेद, कुरीति र कुसंस्कारका विरूद्धमा जनचेतनता कार्यक्रम सञ्चालन गर्ने, कानुनले अपराधका रूपमा किटान गरेका विषयमा कारबाही अगाडि बढाउने ।
- हामीले नेतृत्व गरेको र सहभागी भएका विभिन्न तहका सरकारहरूले जनसरोकारका मुद्दाहरूलाई प्राथमिकताका साथ अगाडि बढाउने ।
- पार्टी कमिटीहरूले आफ्नो कार्यक्षेत्रको विकास निर्माण, समृद्धि र सामाजिक आर्थिक रूपान्तरणका योजना बनाउने, बजेट विनियोजनका लागि पहल गर्ने, चालू आयोजनाहरूको नियमित अनुगमन गर्ने र समयमै सम्पन्न गर्ने कुरामा पहल गर्ने ।
- विकास निर्माणका मागहरूमा व्यक्तिको स्वार्थ या रूचि हावी हुन नपाओस् भन्नाका लागि संस्थागत माग गर्ने परिपाटीको विकास गर्ने ।
- हाम्रो पार्टीले विजय हासिल गरेका पालिकाहरूमा घोषणापत्र/प्रतिबद्धतापत्र कार्यान्वयनको स्थितिको आवधिक समीक्षा गर्ने । तदनुरूप कार्यान्वयनको प्रक्रियामा संयोजन र सहजीकरण गर्ने ।

## १४. बलियो र निर्णायक राष्ट्रिय शक्तिको निर्माण

'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि पार्टीलाई बलियो र निर्णायक राष्ट्रिय शक्तिको रूपमा विकास गर्नुपर्दछ । गएको निर्वाचनबाट हाम्रो पार्टी पहिलो पार्टी



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

बन्न त सफल भएको छ तर अपेक्षित मात्रामा जनआधार विस्तार गर्न सकेको छैन । आगामी निर्वाचनमा जनआधार विस्तार गरी त्यसलाई दिगो बनाई निर्णायक तहमा पार्टीलाई पुऱ्याउनु पर्दछ । यसका लागि निम्न कुरामा विशेष जोड दिनुपर्दछः

**क. नेतृत्व विकासको योजना**

- हाम्रो राजनीतिक कार्यदिशाअनुकूल प्रतिस्पर्धामा सफलता हासिल गर्नसक्ने योग्य, क्षमतावान् र जुझारू कार्यकर्ता पङ्क्तिको पहिचान गर्ने र उनीहरूको योजनाबद्ध विकास गर्ने,
- प्रत्येक वडामा एकतिहाई महिलासहित १० युवालाई पहिचान गरी नेतृत्व विकासको कार्ययोजना लागू गर्ने,
- निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि सम्बन्धित तहमा कार्यदल नै बनाएर पार्टी प्रवेशको बृहत्तर र व्यवस्थित योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

**ख. स्थानीय तहसम्म जनसंगठन सुदृढीकरण र विस्तार**

- प्रत्येक जनवर्गीय सङ्गठनले गैरपार्टी सदस्यलाई आफूतिर आकर्षित गर्नेगरी आफ्नो वर्ग र समुदायको हकहितका मुद्दामा सिर्जनात्मक र रचनात्मक गतिविधि सञ्चालन गर्ने ।
- जनसंगठनका पुराना सदस्यहरूलाई क्रमशः पार्टी सदस्यमा रूपान्तरण गर्ने र जनसंगठनमा नयाँ व्यक्तिहरूलाई संगठित गर्नेगरी संगठनात्मक कामलाई अघि बढाउने,
- केन्द्रमा जस्तै प्रदेश, जिल्ला तथा स्थानीय तहमा जनसंगठनहरूको निर्माण र परिचालन प्रभावकारी बनाउने गरी कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने,
- प्रदेश तथा जिल्ला तहमा जनसंगठन समन्वय संयन्त्रको अभ्यासलाई प्रभावकारी बनाउने,
- आधारभूत तहका जनसंगठनहरूलाई पालिका र वडा तहसम्म विस्तार गर्ने,
- मिसन '८४लाई ध्यानमा राखेर पालिका जनसंगठन समन्वय संयन्त्रको योजनामा प्रत्येक बुथमा/प्रत्येक टोलमा २५ जना युवाको टिम परिचालन हुने गरी योजना बनाउने र कार्यान्वयन गर्ने ।

**ग. नयाँ पुस्तामा पार्टी काम**

- नयाँ पुस्तामा पार्टी काम पुऱ्याउने र नेतृत्वमा विकासको योजना कार्यान्वयन गर्नका लागि प्रदेश कमिटीमा १०, जिल्लामा १५, पालिकामा २० र वडा तथा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

टोल तहमा ३३ प्रतिशत युवा सहभागिताको नीतिलाई प्रभावकारी ढंगले लागू गर्ने,

- प्रत्येक गाउँपालिकाले ५०, नगरपालिकाले १००, उपमहानगरपालिकाले १५० र महानगरपालिकाले २५० युवा पहिचान गर्दै नेतृत्व विकासको प्रशिक्षण प्रदान गरी पार्टी काममा जोड्ने, उनीहरूलाई वैचारिक राजनीतिक प्रशिक्षणका अलावा नेतृत्व विकास र उद्यमशीलताका विषयमा समेत प्रशिक्षित गर्ने ।
- नयाँ पुस्तालाई पार्टीमा आकर्षित गर्नका लागि उमेर समुह अनुसारमा मुद्दाहरू तय गर्ने र नयाँ पुस्तामा पुऱ्याउने,
- जनसंगठनसँगको समन्वयमा नयाँ पुस्तामा सदस्यता विस्तारको योजना कार्यान्वयन गर्ने ।
- युवाहरूमा उद्यमशीलताको विकास, उत्पादन कार्यमा सहभागिता र उत्पादकत्व बृद्धिका लागि सोहीअनुरूपमा परामर्श कार्यक्रम (काउन्सिलिङ), प्रशिक्षण र तालिम, स्टार्ट अप सम्बन्धी जानकारी र सहजीकरण तथा उत्पादनको बजारीकरणका लागि आवश्यक समन्वय गर्ने ।
- 'समृद्ध नेपाल सुखी नेपाल'को राष्ट्रिय अभियानमा युवाको सार्थक सहभागिता र नेतृत्व स्थापित गर्ने उद्देश्यका साथ चालीस वर्ष मुनिका युवाहरूको शिखर सम्मेलन आयोजना गर्ने । शिखर सम्मेलनको अवसरमा व्यापक जनपरिचालन समेत गर्ने ।

### घ. जनसम्बन्ध विस्तारको काम

- मिसन '८४ लाई दृष्टिगत गरी पालिका कमिटीको नेतृत्वमा टोल कमिटीको व्यवस्थापनमा घरदैलो कार्यक्रम सञ्चालन गर्ने, यसको व्यवस्थित योजना पार्टी जिल्ला कमिटीले गर्ने ।
- आर्थिक-सामाजिक विकास र रूपान्तरणको उद्देश्यअनुरूप योजनावद्ध गतिविधि सञ्चालन गर्ने,
- जनस्तरबाट प्राप्त सुझाव र गुनासोहरू संकलन गरी प्रतिवेदन तयार गरी माथिल्लो कमिटीमा पठाउने । अज्ञानता र भ्रमलाई घरदैलो अभियानका क्रममा मेट्ने ।
- जनसम्बन्ध विस्तारबाट पार्टीसँग जोडिएका व्यक्तिलाई जनसंगठन र पार्टी कमिटीमा आवद्ध गर्दै लैजाने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

### ङ. प्रवासको पार्टी कामको विस्तार

- घरदैलो कार्यक्रमका माध्यमबाट विदेश जानेहरूको सूची र सम्पर्क ठेगाना सङ्कलन गर्ने तथा त्यसरी प्राप्त भएका विवरण सम्बन्धित मुलुकका मञ्च र संघहरूलाई उपलब्ध गराउने ।
- प्रवासको कामलाई प्रभावकारी र विस्तारित गर्ने योजनाअनुरूप प्रवासको कामलाई ४ भागमा विभक्त गरी इञ्चार्ज खटाउने काम भएको छ । उहाँहरूको नेतृत्वमा प्रवासी नेपाली संघ र प्रवासी नेपाली मञ्चका माध्यमबाट प्रवासको कामलाई प्रभावकारी बनाउने,
- प्रवासमा रहेका जिल्लास्तरको मान्यताप्राप्त राष्ट्रिय कमिटीअन्तर्गत युवा, महिला, विद्यार्थी, बुद्धिजिवी, उद्यमीजस्ता त्यहाँको विशेषताअनुसारका विशेष मञ्चहरू गठन गरी परिचालित गर्ने,

### १५. केन्द्रीय कार्यालय भवन निर्माण

विनाशकारी भूकम्पले बल्खुस्थित पार्टी केन्द्रीय कार्यालय भवन क्षतिग्रस्त भएपछि हाम्रो पार्टी भाडामा सञ्चालन हुँदै आएको छ । हाम्रो जस्तो पार्टीका लागि भाडाको भवन हाम्रो आवश्यकता अनुसारको हुने अवस्था छैन । पार्टीले आफ्नै कार्यालय भवन बनाउने गरी पार्टी सदस्यबाट न्यूनतम रू. १००।– उठाउने अभियान सुरू गरेको छ । थप सहयोग गर्न चाहने र सक्ने सहयोगीहरूबाट सहयोग लिएर सुविधासम्पन्न आधुनिक पार्टी कार्यालय भवन निर्माण गर्ने पार्टीको योजना रहेको छ । अब उक्त योजना कार्यान्वयन गर्न निम्नानुसार गर्नेः

- पार्टीको केन्द्रीय कार्यालय भवन बनाउनका लागि उपयुक्त जग्गाको पहिचान र व्यवस्थापन आगामी मंसिरभित्र गरिसक्ने ।
- पार्टीको निर्णयबमोजिम पार्टीको केन्द्रीय कार्यालय भवन निर्माणका लागि स्रोत संकलन गर्ने कामलाई अभियानका रूपमा अघि बढाउने,
- सदस्यता नवीकरण र विस्तारका क्रममा प्रत्येक सदस्यबाट न्युनतम १०० रूपैयाँ संकलन गर्ने कामलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।
- थप आर्थिक सहयोग गर्ने पार्टी कार्यकर्ता र सहयोग गर्नसक्ने अन्य सहयोगीहरूको रोस्टर तयार गरी पार्टी केन्द्रमा पठाउने । पार्टी केन्द्रको योजना र निर्देशनअनुसार थप सहयोग संकलन गर्ने ।
- पार्टी कार्यालय भवन निर्माण र स्रोत परिचालनका लागि केन्द्रीय सचिवालयले आवश्यक समिति गठन गरी यथाशीघ्र कार्य आरम्भ गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

## १६. नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं (हीरक) वर्ष समारोहका बाँकी कार्यक्रम सम्पन्न गर्ने

नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं (हीरक) वर्ष समारोहलाई हामीले २०८० वैशाख ९ देखि २०८१ वैशाख ९ सम्म) विशेष कार्यक्रमका साथ मनायौं । तर यस सन्दर्भमा तय गरिएका कतिपय कार्यक्रमहरू भने सम्पन्न हुनसकेका छैनन् । ७५ वर्ष समारोहका लागि तय गरिएका देहायबमोजिमका कार्यक्रमहरू यस वर्ष सम्पन्न गर्ने/अगाडि बढाउने-

### क. नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखन

कमरेड ईश्वर पोखरेलको संयोजकत्वमा इतिहास लेखन समिति गठन गरेर नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखनसम्बन्धी कामको थालनी गरिएको छ । यस प्रयोजनका लागि विश्वविद्यालय, आधिकारिक थिङ्क ट्याङ्क र अनुसन्धान संस्थासँग सहकार्य गर्ने व्यवस्थासमेत गरिएको छ । आगामी दुई वर्षभित्र सम्पन्न गर्ने गरी इतिहास लेखनको कामलाई यस वर्ष तीब्रता दिने ।

### ख. लोकतन्त्र र रुपान्तरणका लागि भएका संघर्ष

नेपाली कम्युनिष्ट आन्दोलनले साढे सात दशकको इतिहासका प्रत्येक दशकमा भएका संघर्ष, सङ्गठन, विचार निर्माण, उपलब्धी र कठिनाइको 'कथा' समेटी पार्टीको नेतृत्वमा सञ्चालित मुख्य-मुख्य सङ्घर्षहरूको सङ्क्षिप्त र आधिकारिक अभिलेख तयार गर्ने काम आरम्भ भएको छ । महासचिवको नेतृत्वमा रहेको यस कामलाई यसै वर्ष सम्पन्न गर्ने ।

### ग. ७५ वर्ष यात्राको वृत्तचित्र निर्माण

नेपाली कम्युनिष्ट आन्दोलनका गौरवपूर्ण ७५ वर्षका मुख्य-मुख्य चरण, परिघटना एवं उपलब्धी दर्शाउने वृत्तचित्र निर्माण गरिएको छ । यसलाई अङ्ग्रेजी सब टाइटलसमेत राखी अन्तिम रूप दिने ।

### घ. "शेल्टर" पुस्तक प्रकाशन

पार्टीले तय गरेको कष्टकर भूमिगत जीवनका आदर्शबारे नयाँ पुस्तालाई जानकारी गराउन 'शेल्टर' शीर्षकको अनुभूति सङ्ग्रह प्रकाशनको तयारी गरिएको छ । यसका लागि कष्टपूर्ण भूमिगत जीवन व्यतित गर्नुभएका कमरेडहरूलाई आफूले भोगेका अविस्मरणीय घटनासहित संस्मरण लेखिरहनुभएको छ । यो पुस्तक लेखनको कामलाई यसै वर्ष सम्पन्न गरी २०८२ वैशाख १० गते सार्वजनिक गर्ने । यसको संयोजन कमरेड प्रदीप ज्ञवालीले गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**ङ. ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्द्धन**

नेपाली कम्युनिष्ट आन्दोलनका सन्दर्भमा ऐतिहासिक महत्व राख्ने शहीद भूमिलगायतका स्थलको संरक्षण र सम्बर्द्धन गर्ने क्रममा पार्टीको चौथो महाधिवेशन आयोजना भएको सिराहाको सर्रे अम्बासमा पार्टीको ७५ वर्षे इतिहास प्रतिविम्बित गर्ने स्मारक निर्माण गर्ने गरी काम अगाडि बढेको छ । यस कामलाई यस वर्ष सम्पन्न गर्ने । प्रदेश कमिटीहरूको अगुवाइमा पार्टीका ऐतिहासिक कार्यक्रमहरू भएका स्थल तथा आन्दोलन र बलिदानको इतिहास जोडिएका इटहरा, इभाङ, छिन्ताङ, पिस्कर, कालापानी, सितापुर आदि ठाउँमा उपयुक्त समयमा उपयुक्त कार्यक्रमहरू आयोजना गर्ने ।

**च. अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना**

पार्टी स्थापनाको ७५औं वर्षको सन्दर्भ पारेर मार्क्सवादको सिर्जनात्मक प्रयोग र सम्बन्धित मुलुकका अनुभवहरूमा केन्द्रित रहेर भाइचारा कम्युनिष्ट पार्टी, श्रमिक पार्टी र वामपन्थीहरूको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने । २०२४ नोभेम्बरको अन्त्य या २०२५ मार्च महिनाको दोस्रो हप्तामध्ये उपयुक्त समय छनोट गर्ने ।

**१७. पार्टी कामको नियमित रिपोर्टिङ र अनुगमन**

मिसन ग्रासरूट (पार्टी सुदृढीकरण अभियान) देखि कामको समीक्षा र रिपोर्टिङको प्रणालीलाई महत्वका साथ स्थापित गर्ने काम गरिएको छ । त्यसयता पार्टीका नियमित कामको रिपोर्टिङ प्राप्त गर्ने गरिएको छ । तर समयमा भने अनुसारको रिपोर्टिङ भने सबैबाट प्राप्त हुन सकिरहेको छैन । मिसन '८४ सफल बनाउने हो भने कामको आवधिक समीक्षा गर्ने र त्यसको रिपोर्ट तयार गर्ने काम गर्नुपर्दछ । कमिटीहरूले आफ्नो रिपोर्ट एकतह माथिल्लो कमिटीमा पठाउने काम गर्नुपर्दछ । केन्द्रीय सदस्यहरूले आफ्नो कामको रिपोर्ट केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ । रिपोर्ट पठाउँदा निम्न कुरामा ध्यान दिनुपर्नेछः

- भेला, बैठक, अधिवेशन, कमिटी गठन-पुनर्गठन, अन्तर्क्रिया, जनपरिचालन आदि पार्टी कामको अवस्था,
- पार्टी सदस्यता नवीकरण र विस्तारको अवस्था,
- पार्टी प्रवेश र व्यवस्थापनको अवस्था (विशिष्ठ व्यक्तिहरूको प्रवेश भएको भए नाम समेत),
- पार्टी स्कुलिङ र प्रचारात्मक कामको अवस्था,
- कार्यालय व्यवस्थापन र सञ्चालनको अवस्था,
- अन्तरविरोध समाधानमा प्राप्त उपलब्धी,
- राजनीतिक शक्ति सन्तुलनको अवस्था,



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- पार्टी काममा सक्रिय र नेतृत्व विकासको सम्भावना भएका ४० वर्ष मुनिका युवाहरूको पहिचान र परिचालन,
- प्रवासमा गएका व्यक्तिहरूको सम्पर्कसहितको विवरण,
- राजनीतिक कार्यदिशा र कार्ययोजनाअनुरूपका अन्य महत्वपूर्ण गतिविधिहरू,

- माथिल्लो कमिटीले मातहत कमिटीका कामहरूको नियमित अनुगमनको व्यवस्था गर्ने ।
- प्रदेश र जिल्ला कमिटीले केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय निकायमा रहनुभएका कमरेडहरूलाई आफ्नो कार्यक्षेत्रमा आयोजना गरिने अभियानहरूमा जोड्ने र सहभागी बनाउने ।

(गैरभौगोलिक क्षेत्रको काम र प्रवासको कामका सन्दर्भमा त्यहाँको कामको प्रकृतिका आधारमा नियमित रिपोर्टिङ गर्नुपर्नेछ ।)

१८. **विविध**

- “ठीक समय एमाले समय” भन्ने मान्यता स्थापित गर्ने गरी बैठकहरू तोकिएको समयमा सञ्चालन गर्ने ।
- कार्यक्रम तथा बैठकहरूमा अतिथि आशन र वक्ताहरूको भद्दाशैलीमा सुधार ल्याउने । कार्यक्रमहरूको आयोजनामा मितव्ययिता अपनाउने ।
- राजनीतिक र सामाजिक क्षेत्रमा ख्याती कमाएका वा छवि राम्रो बनाएका पार्टी सदस्यहरू मध्येबाट नेतृत्व निर्माण र महत्वपूर्ण जिम्मेवारी दिने ।
- पार्टीले सातबुँदे सहमतिअनुरूप राजनीतिक स्थायित्वलाई केन्द्रबिन्दूमा राखेर संविधानको स्वीकार्यता बृद्धि हुनेगरी संविधान संशोधनको अगुवाइ गर्ने र यस विषयमा पार्टी निर्णय र निर्देशनअनुरूप पार्टीपङ्क्तिलाई प्रशिक्षित गर्ने ।
- निर्णायक राष्ट्रिय शक्ति निर्माणको यस कार्ययोजनालाई मातहत कमिटीले आफ्नो कार्यक्षेत्रको विशेषताअनुरूपका कार्ययोजना थप गरी कार्यान्वयनमा लैजाने । कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित कमिटीले सुस्पष्ट जिम्मेवारीसहितको कार्यतालिका बनाई कार्यान्वयन गर्ने ।

**– ३१ भदौ २०८१**

**शंकर पोखरेल**
**महासचिव**



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org